# २. परमेश्वरको वचन के हो ?

## क. मुख्य पदहरु

यूहन्ना १:१-३, १४
यशैया ५५:८-११
हिब्रू ४:१२-१३
एफिसी ५:२५-२७
लूका ८:४-१५
याकूब १:२२-२५
भजन ११९:१०५

## ख. परिचय

संसारमा सबैभन्दा शक्तिशाली शक्ति परमेश्वरको वचन हो. जहिले जहिले उहाँ बोल्नुहुन्छ केही घटना घटिहाल्छ (यशैया ५५:१०-११). उहाँले केही गर्छु भन्नुभयो भने त्यो गर्नुहुन्छ र पूरा पनि हुन्छ नै. उहाँको वचन कहिल्यै खेर जादैन. परमेश्वरको वचनको सामर्थ्यले काम गरेको हामी धर्मशास्त्रभरि देख्नसक्छौं. समयको शुरुदेखि अन्तसम्म उहाँले आफ्नो वचनद्वारा आफ्नो काम र उद्देश्यहरु मानिसहरुको जीवन र अनुभवमा पूरा गराउनु भएको छ.

## ग. सृष्टिमा परमेश्वरको वचन

आफ्नो वचन मार्फत उहाँले स्वर्गहरु र पृथ्वीको रचना गर्नुभयो (उत्पत्ति १, भजन ३३:६-९; हिब्रू ११:३) सृष्टिमा जब उहाँ बोल्नुभयो आफ्नो वचनको शक्तिले शुन्यदेखि सबैकुराको रचना गर्नुभयो. येशू ख्रीष्टको शक्तिद्वारा यो सृष्टिको काम पूरा भएको थियो (हिब्रू १:२-३). सृष्टिकर्ताको रुपमा परमेश्वरले यी सबै कुराहरुलाई अस्तित्वमा ल्याउनुमात्र भएन तर आफ्नो वचनको सामर्थ्यबाट ती सबैलाई अहिलेसम्म पनि सम्हालिराख्नु भएको छ. त्यसैकारण वर्तमान समयमा पनि हाम्रा दैनिक जीवनका साना-तिना कुराहरुदेखि लिएर नयाँ-नयाँ कुराहरु उहाँले गर्न सक्नुहुने कुरामा हामी उहाँमाथि विश्वास गर्छौं.

## घ. नयाँ सृष्टिमा परमेश्वरको वचन

जसरी आफ्नो वचनबाट सबै कुराको अस्तित्व हुनआयो त्यसैगरी उहाँको वचनमाथि विश्वास गर्नेहरुका निम्ति उहाँले उद्धार ल्याउनुभयो. वास्तवमा

येशू नै वचन हुनुहुन्छ. उहाँद्वारा र उहाँमा नै पिताले उद्धारको महान कामलाई पूरा गर्नुभएको छ (यूहन्ना १:१-१४). येशूलाई जब सुन्छौं र उहाँमाथि दृष्टि दिन्छौं पिताले हामीलाई आफ्नो बारेमा भन्न चाहनुभएका कुराहरु येशूद्वारा हामी थाहा पाउंछौं (यूहन्ना १४:९-११). परमेश्वरको वचनको सामर्थ्यले नै हाम्रो हृदयमा येशूप्रति विश्वास र भरोसा उत्पन्न गराउँछ. वचनविना हामी परमेश्वरकहाँ पुग्न सक्दैनौ (रोमी १०:१७). ख्रीष्टमा गरेको विश्वासद्वारा परमेश्वरले हामीमा नयाँ जीवन र नयाँ हृदयले भर्नुहुन्छ जुन उहाँको येशूमा भएको वचनद्वारा प्राप्त हुन्छ (भजन ५१:१०).

## . हाम्रो जीवनमा परमेश्वरको वचन

सारा सृष्टिमा परमेश्वरको वचनमात्र त्यस्तो तत्व हो जुन मानिसको हृदयको भित्री भागसम्म प्रवेश गर्नसक्छ (हिब्रू ४:१२-१३). मानिसको प्राण र आत्मालाई दुई भागमा अरु कुनै कुराले पनि विभाजन गर्न सक्दैन. जबसम्म हाम्रो जीवनमा परमेश्वरको वचनले प्रवेश पाउँदैन हाम्रो आत्मा प्राणको सामर्थ्य भित्रीतहसम्म हाम्रो आत्मा लुकेर रहेको हुन्छ.

## . वचनका चिन्हहरु

### १. प्रकाश (ज्योति)

परमेश्वरको वचनले प्रकाश र ज्योति उत्पन्न गर्छ (भजन ११९:१०५). यसबाट येशूको सत्यता प्रकट हुन्छ र यो सत्यले मानिसलाई स्वतन्त्रता प्रदान गर्छ (यूहन्ना ८:३१-३२). हाम्रो जीवनमा अगुवाई र निर्देशन प्राप्त हुने पनि परमेश्वरको वचनबाटै हो (यूहन्ना ८:१२).

### २. पानी

पानीले सफा पार्ने काम गर्छ र हाम्रो जीवनमा परमेश्वरको वचनले पनि यस्तै गर्छ. यदि परमेश्वरको वचनलाई हाम्रो जीवन परिवर्तन गर्न हामीले आफूलाई वचनप्रति खुला राख्यौं भने यसले हामीलाई आफ्नो शक्तिले पवित्र व्यक्तिहरुमा बदली गरिदिन्छ र परमेश्वर पनि यस्तै भएको चाहनुहुन्छ (एफिसी ५:२५-२७).

३. **बीऊ**

बीऊ छर्नेको उखानमा (लूका ८:४-१५) परमेश्वरको वचनलाई बीऊ भनिएको छ (लूका ८:११). वचन सुन्ने र आफ्नो जीवनमा स्वीकार गर्नेहरुमा फलदायीपन र वृद्धि ल्याउनु यसको उद्देश्य हो (लूका ८:१५).

४. **आगो र हथौडा**

आवश्यक परेका वेलामा परमेश्वरको वचन धेरै बलियो हुनसक्छ (यर्मिया २३:२९). परमेश्वर सधैं सानो र मधुर आवाजमा बोल्नुहुन्न. मानिसहरुको जानाजान अनाज्ञाकारिता र हृदयको कठोरताका कारण उहाँ आगो र हथौडाका रुपमा पनि बोल्नुहुन्छ. आगोले खार्छ र हथौडाले तोड्छ, टुक्रा-टुक्रा पार्छ. परमेश्वरको वचनद्वारा हामी तोडिनु र खारिनुपर्छ.

५. **मह**

पिताले हामीलाई कहिल्यै पनि टुटेको अवस्थामा छोडनुहुन्न. निको पार्न र सम्पूर्ण चंगाई दिनको निम्ति हामीलाई उहाँले तोड्नुहुन्छ (भजन १९:७-११). मह चंगाईको निम्ति हुन्छ. यसले कोक्याउने बस्तुलाई मिठासमा र पीडालाई चंगाईमा परिणत गर्ने शीतल मलहमको काम गर्छ. परमेश्वरको वचनको बल र सामर्थ्यमा जिउने व्यक्तिले आफ्नो जीवनमा परमेश्वरको मिठास र आत्माको सम्पूर्णता पाउनेछ (भजन ११९:१०३).

## छ. परमेश्वरको वचनको सामर्थ्य

परमेश्वरको वचनभित्र आफैंमा सामर्थ्य छ, अर्थात अन्तर्निहित सामर्थ्य. यो परमेश्वरको वचन भएको कारणले यस्तो भएको हो. यो परमेश्वरको सास जस्तै हो. जब यो आउँछ परमेश्वर स्वयंको हृदयदेखि नै यसको प्रादुर्भाव भएको हुन्छ. यसकारण यसमा सामर्थ्य छ र यसले परमेश्वरको उद्देश्य पूरा गर्छ.

## ज. केही महत्वपूर्ण माध्यमहरु जसद्वारा परमेश्वर बोल्नुभयो

१. **सृष्टिमा उहाँको वचन**

परमेश्वरको वचनद्वारा विश्व-ब्रम्हाण्डको सृष्टि भएको थियो र यसले परमेश्वरको स्वभावलाई प्रकट गर्दछ. उहाँको वचनबाट जे कुराहरुको रचना भएको छ तिनीहरु नै एक किसिमले वचनका माध्यमहरु बन्न

पुगेका छन् (भजन १९:१-६). परमेश्वरको न्यायको सामून्ने मानवजातिले अब कुनै बहाना गर्न पाउनेछैन (रोमी १:२०).

**२. अगमवाणीमा उहाँका वचन**

परमेश्वर प्रायश: एउटा अगमवक्ता मार्फत बोल्नुहुन्छ. यस प्रकारले बोल्दा वचन प्रत्यक्ष आउंछ र सुन्नेहरुले त्यसको प्रत्युत्तर दिनैपर्ने चुनौती प्रस्तुत गर्छ (२ पत्रस १:२०-२१; मत्ती १०:४१).

**३. येशूमा उहाँको वचन**

येशू वचन हुनुहुन्थ्यो र अहिले पनि वचन नै हुनुहुन्छ (यूहन्ना १:१४). उहाँमा जे प्रकट भएको छ त्यो भन्दा उत्तम अर्को वचन परमेश्वरको आफ्नो हृदयबाट अब कहिल्यै पनि आउन सक्दैन. परमेश्वरको यो निर्णायक वचन हो, हाम्रो निम्ति मात्र नभएर संसार, परिस्थितिहरु र उहाँ आफ्नै सम्बन्धमा पनि. हामीसँग उहाँले भन्न चाहनुभएका सबै कुराहरु आफ्नो पत्रद्वारा भनिसक्नुभएको छ. यो वचन इश्वरीय प्रकटिकरण हो (हिब्रू १:१-२).

**४. प्रचारमा उहाँको वचन**

परमेश्वरको वचन प्रचार गर्दैमा उहाँको इच्छा पूरा कहिल्यै हुँदैन. उहाँले आफ्नो वचनको प्रचारबाट मानिसहरु बाँच्ने प्रावधान बनाउनु भएको छ (१कोरिन्थी १:२१). त्यस्ता माध्यमहरु खोज्नु हाम्रो जिम्मेवारी हो जस्मा वचन सही प्रकारले प्रचार गर्न सकियोस. वास्तवमा ती माध्यमहरुलाई परमेश्वरले पवित्र आत्मा मार्फत येशू ख्रीष्टमा हामीलाई प्रदान गर्नुभएको हुन्छ (रोमी १०:१४-१५).

**५. पवित्र आत्माद्वारा परमेश्वरको वचन**

परमेश्वर कुनै माध्यमबाट बोल्नुभयो भने पनि वास्तवमा पवित्र आत्मा मार्फत नै बोल्नुभएको हुन्छ. तर कहिले कही कुनै माध्यम बिना नै उहाँले सिधा सम्पर्क राख्नुहुने तथ्य धर्मशास्त्रमा उल्लेख छ (१ सामू ३:१०-१४). प्रेरितको पुस्तकमा आफ्ना सेवकहरुसित परमेश्वर सुनिने आवाज, सपना, अगमवाणी र अचम्मका चिन्हहरुद्वारा प्रत्यक्ष रुपमा बोल्नुभएको उदाहरणहरु पाइन्छ. पेन्तिकोसमा पवित्र आत्मा खन्याइएको तथा त्यसको परिणाममा आत्माको बरदानहरु उपलब्ध हुनु त्यस्ता उदाहरणहरु हुन्.

**६. धर्मशास्त्रमा उहाँको वचन**


धर्मशास्त्रको सबै अंश परमेश्वरको वचन हो. यसमाथि हामी भरोसा गर्नसक्छौं. उहाँ बोल्नुहुने अरु माध्यमहरुका सम्बन्धमा पनि धर्मशास्त्रले

साक्षी दिन्छ तर एउटा क्रिश्चियनको जीवनको विकासमा यसको खास भूमिका छ. *"सम्पूर्ण धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनालाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस"* (२तिमोथी ३:१६-१७).
*यसले विश्वासमा प्रेरणा र आशामा उत्साह प्रदान गर्छ.* (रोमी १५:४).

पवित्र आत्माले धर्मशास्त्रमा बोल्नुभएको र अझपनि हामीसित धर्मशास्त्रद्वारा उहाँले बोल्नुपर्ने आवश्यकता बीचको कडी (जोड्ने माध्यम) लाई बुझ्नु हामीलाई अति जरुरी छ. परमेश्वरको आत्माको यो दोहोरो कामबाट उहाँले आजको निम्ति हामीलाई दिनुहुने कुरा पनि उहाँको वचन नै हुने तथ्य सुनिश्चित गराएको छ. आलोचनापूर्ण तर्कहरुका प्रक्रियाद्वारा हामी यो कुराको निर्णय गर्न सक्दैनौ तर पवित्र आत्माको कामलाई सहर्ष स्वीकार गर्ने जांगर देखाउन सक्छौं.

### झ. धर्मशास्त्रमा परमेश्वरको वचन

धर्मशास्त्र भन्दा परमेश्वरको वचनको व्यापकता गहन छ. एउटा वृत्त (घेरा) लाई परमेश्वरको वचनको रुपमा उदाहरण लिएर यसलाई विभिन्न कोणबाट दृष्टि दिंदा यो तथ्य हामीलाई अझ बढी स्पष्ट हुनजान्छ



वृत्तभित्र धर्मशास्त्र, परमेश्वरको वचनलाई पनि समावेश गरिएको छ. हामीसित परमेश्वरले बोल्नुहुने विभिन्न तरीकाहरुले पनि हामीलाई धर्मशास्त्रतिर नै डोऱ्याउंछन्. धर्मशास्त्रप्रति हामीमा भएको खुलापनबाट परमेश्वर हामीसित अन्य तरीकाबाट बोल्नुहुने तथ्यलाई प्रष्ट पारेको छ. धर्मशास्त्रमा उहाँको वचनको आफ्नै मौलिक पहिचान भएकोले अरु वचनहरुभन्दा यसको छुट्टै स्थान छ. यसको स्वभाव स्थायी छ. धर्मशास्त्रमा एउटा निश्चित मापदण्ड भएकोले यसबाट अरु सन्देशहरु पनि जाँच्न

सकिने यो एक केन्द्रिय मापक तत्व बनेको छ. धर्मशास्त्र बाहेक अन्य तरीकाद्वारा प्राप्त वचन वा सन्देश परमेश्वरबाट बाइबलमा दिइएको प्रकाशमा थप-घट गर्न नसकिने तथ्यलाई हामीले आत्मसात गर्नु आवश्यक छ. उदाहरणको निम्ति कुनै एउटा अगमवाणीले धर्मशास्त्रको तात्कालिक महत्वलाई देखाउन सक्छ वा धर्मशास्त्रका कुराहरु हामीले कसरी पूरा गर्नसक्छौं भन्ने बारेमा प्रत्यक्ष अगुवाई पनि प्रश्तुत हुन सक्छ तर त्यस्तो अगमवाणी एउटा नयाँ सिद्धान्त प्रतिपादित गर्ने जग चाहिं हुन सक्दैन.

## ग. धर्मशास्त्रको कामहरु

### १. केन्द्रविन्दु

हाम्रो जीवनको केन्द्रविन्दुको रुपमा बाइबलले एउटा शब्दलाई छानेको छ, त्यो हो “येशू” (यूहन्ना ५:३९).

### २. स्वभाव

हामीसँग बोल्नुहुने परमेश्वरको स्वभावका सम्बन्धमा बाइबलले केही कुराहरु प्रकट गरेको छ. परमेश्वरले मानिससित गर्नुभएको व्यवहार र प्रत्युत्तरमा मानिसको जबाफमा उहाँको हृदयको स्वच्छतालाई बाइबलमा लिपिवद्ध गरिएको छ.

### ३. परिभाषा

बाइबलीय प्रकाशद्वारा शिक्षा, सैद्धान्तिक जग र वचनको परिभाषा जुन हामी हाम्रो दैनिक दिनचर्यामा प्रयोग गर्नसक्छौं आदि हामीलाई दिइएको छ. विशेषगरी नयाँ नियममा जीवनका हरेक परिस्थितिमा काम लाग्ने व्यवहारिक सिद्धान्त लेखिएको छ.

### ४. स्पष्टता

परमेश्वरको वचनको सम्बन्धमा धर्मशास्त्रमा एउटा निष्पक्षता छ जुन कुरा हाम्रो व्यक्तिगत अनुभवमा पाईदैन. कुनै पनि कुरा बुझ्नको निम्ति (त्यसप्रति) स्पष्ट धारणा हुनुपर्छ.

### ५. विवेक (ठीक बेठीक छुट्ट्याउनसक्ने क्षमता)

धर्मशास्त्रका वचनहरु बुद्धिको स्रोतहरुमात्र नभएर तिनीहरु स्वयं बुद्धि हुन्. पवित्र आत्माको प्रेरणाले गर्दा धर्मशास्त्रमा विष्फोटक सामर्थ्य छ. तिनीहरु जे भन्छन हाम्रो निम्ति पवित्र आत्माको शक्तिमा त्यही कुरा हुनजान्छ. परमेश्वरबाट हामीले प्राप्त गर्ने अरु सबै वचनहरुको जाँच गर्न हामीलाई यो बुद्धिको खांचो छ. धर्मशास्त्र, जुन बुद्धि पनि हो, यदि हामी यसमा जियौं

भने बुद्धिमान हुनको निम्ति ठीक र बेठीक छुट्ट्याउन सक्ने सामर्थ्य हामीमा आउनेछ.

ट. वचनमा जिउनु

हामी परमेश्वरको वचनमा आउनुपर्छ र हामीलाई सम्झाउनको निम्ति पवित्र आत्मालाई हामीले स्वीकार गर्नुपर्छ. रगत र मासुको शरीरमा भएको मनले परमेश्वरको वचन बुझ्दैन तर पवित्र आत्माले बुझ्नुहुन्छ. त्यसकारण उहाँले हामीलाई सत्य देखाउनुहुन्छ र ख्रीष्टको मन पनि हामीलाई दिनुहुन्छ.

याकूब १:१९-२५ पढ्नुस. फलदायीपनमा वृद्धि हुनको लागि परमेश्वरको वचनमा आज्ञाकारी हुनु मुख्य कुरा हो र विश्वासमय जीवनको निम्ति यो महत्वपूर्ण सिद्धान्त हो. परमेश्वर बोल्नुहुन्छ त्यसमा हामीले उहाँलाई प्रत्युत्तर दिनुपर्छ र यसरी हामी उहाँको सिद्ध इच्छामा हिंडन सक्छौं. यसमा आज्ञाकारी भयौं भने ठूलो इनाम पाउनेछौं. परमेश्वरको वचन हाम्रो निम्ति ऐना हुनुपर्छ. हामी ऐनामा हेर्दा आफ्नो प्रतिविम्व मात्र देख्ने नभएर परमेश्वरको वचनको प्रकाशमा हमीले हेर्नुपर्छ. याकूबको पत्रको अंशमा ३ आधारभूत सिद्धान्त रहेका छन्. यसमा तीनवटा वाक्यांशमाथि ध्यान दिनेछौं -

१. **नियालेर हेर्छ**

यो वाक्यांशले परमेश्वरले हामीसित बोल्नुभएको वचनप्रति हाम्रो विचारलाई प्रष्ट्याउंछ. एउटा व्यक्तिले आफूले पाएको वचनमा ध्यान दिएको र यसप्रति गम्भीर दृष्टिकोण अपनाएको देखिन्छ.

**क. हाम्रो विचारमा ३ पक्षहरु हुन -**

- *दृढताको संकेत*

यो हाम्रो इच्छाको कुरा हो, पहिलो त परमेश्वर हामीसित बोल्नुहुनाको निम्ति उहाँलाई हामीले ठाउँ दिएका छौं कि छैनौ र दोश्रोमा उहाँ जे बोल्नुहुन्छ त्यसप्रति हामी उत्तरदायी हुन्छौं कि हुँदैनौ ? परमेश्वर हामी सबैसित वातचित गर्न चाहनुहुन्छ. उहाँको वचनको स्वाद हामीले चाखिसकेपछि हामीमा (उहाँतर्फ) दृढता उत्पन्न हुन्छ र त्यसबाट (परमेश्वरमा) अपेक्षा शुरु हुन्छ.

- *विश्वासपूर्ण मनोवृत्ति*

जसले सबैभन्दा बढी परमेश्वरबाट सुन्छन् उनीहरुले उहाँबाट सुन्ने बढी आशा गर्छन्.

- *इमान्दारीपूर्ण मनोवृत्ति*

परमेश्वरबाट जे सुन्छौं त्यसलाई गम्भीरतापूर्वक लिएर हाम्रो अनुभव व्यवहारमा उतार्नुपर्छ.

**ख. परमेश्वरलाई हामीले बोल्ने मौका दिनुपर्छ**

निम्न लिखित कुराहरु यसमा समावेश छ

- *आत्माको तयारी*

प्रभुसँग निकट सम्बन्धमा जानुपर्ने भएकोले शान्तचित्त तथा प्रशंसाले यसमा सघाउ पुऱ्याउंछ.

- *मनको तयारी*

हामीलाई निर्देशन दिन र उत्तेजित पार्नको निम्ति खासगरी धर्मशास्त्रका केही पदहरुबारे हाम्रो मनमा कुरा खेलिरहेको वा हामीले बिचार गरिरहेमा असल हुन्छ.

- *जीवनको तयारी*

यसको मतलब समय छँदै आफूलाई तयार पारिराख्नु हो. जतिवेला हामी परमेश्वरको खोजी गर्छौं त्यसवेला साहस दिंदै उहाँले हामीलाई सामर्थी बनाउनुहुन्छ (यशैया ४०:३१).

**ग. परमेश्वरले भन्नुभएका कुराहरुलाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ**

प्रभुमा भरपर्न थालेपछि हामीले उहाँबाट जे सुन्छौं त्यसलाई ठीक बेठीक छुट्ट्याउने अनुभव पनि हामीमा बढन थाल्छ. यसबाट हामी महत्वका र हल्का (सतही) विषयलाई छुट्ट्याउन सक्नेछौं. उहाँको वचनमा ध्यान गर्न सिक्न थालेपछि हाम्रो मन बढी अनुशासित हुन थाल्नेछ. परमेश्वरको आत्माबाट के कुरा आउंछ र हाम्रो आफ्नै विचार वा भावनाहरुबाट कुन कुरा उत्पन्न हुन्छ सो हामीले ठीक-ठीक छुट्ट्याउन सक्नेछौं. परमेश्वरले तपाईलाई भन्नुभएका कुराहरुको लेखोट राख्नु उत्तम हुनेछ किनभने पछि त्यसलाई याद गर्दै अझ विस्तारित रुपमा प्रश्तुत गर्न सम्भव हुनेछ. अनि परमेश्वरले तपाईलाई भन्नु भएका कुराहरुलाई मूल्यवान स्वीकार गर्दै अरु समक्ष प्रकट गर्नु अगाडि यसलाई तपाईंको आफ्नै जीवनको एक हिस्सा बनाउनुहोस्. हामीले सुनेका प्रत्येक वचनको जाँच हुनुपर्छ. तपाईंमा वास गर्नुभएको पवित्र आत्माले यसबारेमा साक्षी दिनुहुन्छ कि

दिनुहन्न ? यो वचन परमेश्वरको वचनको अरु अंशहरुसित मेल खान्छ कि खादैन ? हाम्रो जीवनको निम्ति उत्पन्न हुनसक्ने परिणामहरुका सम्बन्धमा पनि खोजबिन गर्नुपर्छ. हाम्रो जीवनमा परमेश्वरको वचन पूरा हुनको निम्ति कहिलेकाहिं कतिपय पाइलाहरु चाल्नुपर्ने आवश्यकता पर्न आउंछ.

**२. त्यसैमा लागिरहन्छ**

वृद्धिको लागि आज्ञाकारिता मुख्य बुँदा हो. हाम्रो जीवनमा यो प्रभावकारी हुनुभन्दा अगाडि वचनमा हामीले लगातार काम गर्नुपर्छ.

क. *वचनलाई स्वीकार गर्दै*

भावना वा आवेगमा जिउने, नकारात्मक परिस्थितिको दास हुने, शरीर अथवा शैतानको सामर्थ्य अन्तर्गत रहनुको बदलामा वास्तविक विकल्पको रुपमा परमेश्वरले हामीलाई आफ्नो वचन दिनुहुन्छ. हाम्रो विश्वासको जीवनमा यी नकारात्मक विचारहरु, भावना तथा परिस्थिति आदिलाई स्वीकार गर्नु वा हामीलाई परमेश्वरले दिनुभएको वचनलाई आधार मान्दै हाम्रो विश्वासको स्वीकारोक्ति गर्नु, उपरोक्त दुई बीचमा छनौटको निरन्तर हामीले सामना गरिरहनुपर्छ. यहाँनिर धर्मशास्त्र अति महत्वको हुनजान्छ. विश्वासपूर्ण शव्दहरुले ती भरिएका छन्. आफ्नै बारेमा उत्पन्न भावनाहरुभन्दा बेग्लै हामी ख्रीष्टमा के हौं भन्ने बिल्कुल अलग्गै तस्विर हामीलाई धर्मशास्त्रले देखाउंछ. पवित्र आत्माको सामर्थ्यमा तिनीहरुले हामी बीच स्वास्थ्य र बलका प्रतिज्ञाहरु ल्याउंछन्. अझ अर्को कुरा त हाम्रो स्वीकारोक्तिलाई समेट्ने शव्दहरु तिनीहरुले प्रदान गर्दछन्. हामीले आफ्नो विश्वास प्रकट गर्न नसकेको बेलामा धर्मशास्त्रका तिनै शव्दहरुलाई लिएर त्यसैलाई हाम्रो विश्वासको स्वीकारोक्ति मान्न सक्दछौं. वचनलाई स्वीकार गर्नु हाम्रो जीवनमा धेरै शक्तिशाली साबित हुनसक्छ. यसबाट मनको नवीकरण हुन्छ, हृदय सफा हुन्छ, हाम्रो जिब्रो अनुशासित भएर हाम्रो अनुभवहरुमा विश्वास अगाडि बढ्छ.

ख. *वचनलाई अध्ययन गर्दै*

धर्मशास्त्रको अज्ञानताले हामीलाई सबै आत्मिक क्षेत्रहरुमा अनभिज्ञ तुल्याइदिन्छ (२ तिमोथी २:१५). परमेश्वर आफ्नो जीवनमा बोल्नुभएको चाहना गर्ने कुनै पनि व्यक्तिले उसले सबैभन्दा पहिले धर्मशास्त्रदेखि नै शुरु गर्नुपर्छ किनभने यो हाम्रो लागि प्रकाशको स्पष्ट अभिव्यक्ति हो.

ग. *वचनलाई जीवनमा प्रयोग गरेर*

हाम्रो जीवनको निम्ति धेरैजसो निर्देशन धर्मशास्त्रमा पहिले नै उल्लेख भैसकेको छ. प्रकट भएका यी सत्यहरुलाई हामीले आफ्नो जीवनमा उपयोग गर्नुपर्छ. अरु माध्यमद्वारा परमेश्वरले दिनुहुने वचनलाई पनि हाम्रो जीवनमा स्थान दिनुपर्छ. हामीले पवित्र आत्माको आज्ञालाई मान्नुपर्छ किनभने परमेश्वरदेखि आउने वचनहरु छुट्टयाउन सक्ने सामर्थ्य यसले हामीमा उत्पन्न गर्छ. हाम्रो जीवनमा परमेश्वरको वचन उपयोग गर्न सिकेपछि कुन ठीक र कुन बेठीक हो सो पनि हामी चिन्न थाल्नेछौं.

घ. *वचन बांडेर*

आफैले वचनलाई गम्भीरतापूर्वक नअपनाएमा अरुको जीवनमा पनि हामीले वचन बांडन सक्दैनौ. वचनलाई काम गर्न दिन हाम्रो निम्ति यो वास्तविक चुनौती हो (यूहन्ना ८:३१-३२). येशूको निम्ति हामी चेलाहरु बनाउन चाहन्छौं भने सर्वप्रथम हामी आफैं उहाँको चेला हुनुपर्छ. यदि हामी अरुलाई छुटकारा दिन चाहन्छौं भने येशूमा हामी आफैले छुटकारा पाउनुपर्छ.

**३. आशिष पाउन**

परमेश्वरको वचनमा जिउनुको परिणाममा सधैं अद्भूत आशिष प्राप्त हुन्छ (भजन १:१-३). जब हामी वचनमा जिउंछौं परिणाम पनि यसले भनेजस्तै हुन्छ. वास्तवमा हामी परमेश्वरको वचनमा रहेर बांडछौं भने वचन जे हो त्यसको सम्पूर्णता नै हामी अरुलाई दिनथाल्छौं (यशैया ५५:१०-११). यदि हामी वचन अनुसार आज्ञाकारी भएर जिएमा हामीमा निहित वचनले हाम्रो निम्ति परमेश्वरको वचनको उद्देश्यहरु पूरा गर्छ. उहाँको वचन शक्तिशाली भएकोले वचनको सामर्थ्यमा हामी प्रचार गर्छौं. परमेश्वरको वचनको प्रतिज्ञा अनुसार हामी अरुसित बांडछौं किनभने वचन आशाले भरिपूर्ण छ र यसले हामीमा उद्धार ल्याउंछ. यसरी हामी विश्वासमा जिएर पाप नगरौं. परमेश्वरको वचनमा जिउनुबाट प्राप्त हुने पांच आशिषहरु निम्नि लिखित छन्.

- पौष्टिकता जसले हामीलाई परिपक्वतातर्फ डोऱ्याउंछ.
- बुद्धि जसले हामीलाई ठीक-बेठीक छुट्टयाउन सक्ने बनाउंछ.
- परमेश्वरको वचनको ज्ञानमा वृद्धि - उहाँको इच्छा, बाटोहरु, काम र वचनमा.

- हाम्रो जीवनमा पवित्र आत्माको सामर्थ्यमा वृद्धि (हाम्रो जीवनमा परमेश्वरको वचनको जीवनदायी तारहरुको निर्माण गर्नुपर्छ र यसरी हामीमा पवित्र आत्माको बहाव आउंछ.
- सेवकाईमा फलदायीपन

## ठ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. के परमेश्वरको वचन कहिल्यै असफल हुन्छ ? यदि असफल भएमा यो सृष्टिको अस्तित्व कायम रहनसक्ला त ?

२. यो शैक्षिक इकाईमा वचनका पाँच चिन्हहरु छन्. परमेश्वर यसबारेका कुनै एकका सम्बन्धमा मात्र तपाईसित बोल्नुभएको छ कि वा सबै बुँदाहरुमा ?

३. परमेश्वरको वचनलाई तपाईं आफ्नो जीवनमा काम गर्न दिनुहुन्छ ? यस्तो हुनको निम्ति के तपाईं आफ्नो जीवनमा प्राथमिकता दिनुहुन्छ अनि उहाँले भन्नुभएका कुरामा कान लगाउनुहुन्छ ?

४. बिना शँका विश्वास र भरोसा गर्नको निम्ति परमेश्वरको वचन एउटा निश्चित जग हुन हामीलाई किन आवश्यकता छ ?

५. पवित्र आत्माको मदत बिना के हामी परमेश्वरको वचन अध्ययन गर्न वा बुझ्न सक्छौं ?

६. यदि बाइबल परमेश्वरको सास (२तिमोथी ३:१६) हो भने के हामी हाम्रो स्वाभाविक मनबाट यसको आलोचनाहरु टिका-टिप्पणी गर्दै सत्यको भित्री तहमा पुग्नसक्छौं ?

७. परमेश्वरको वचनले भनेजस्तै हामीलाई कसरी हुनसक्छ ?

## ड. सारांश र प्रयोग

१. परमेश्वरको वचन शक्तिशाली छ. कुनैपनि बेला परमेश्वर बोल्नुहुंदा केही न केही घटना घटिहाल्छ.

२. परमेश्वरको वचन स्वयंमा सामर्थी छ.

३. येशू परमेश्वरको वचन हुनुहुन्छ र परमेश्वरले हामीलाई भन्न चाहनुभएको सबैथोकको प्रष्फुटन येशूमा भएको छ.

४. बाइबलको सबै अंश परमेश्वरको वचन हो र यसलाई परमेश्वरले प्रयोग गर्नुहुन्छ. जब पवित्र आत्माले हामीमा बाइबलबाट प्रेरणा

दिनुहुन्छ उहाँबाट आउने अन्य सबै कुराहरुलाई यसैको मापदण्डमा नाप्ने एउटा मुख्य मापक यन्त्र यस (बाइबल) लाई बनाउनु भएको छ.

५. हामीले हाम्रो जीवन परमेश्वरको वचनमा सुम्पनुपर्दछ. पवित्र आत्माद्वारा बाइबललाई हामीले आफ्नो जीवनमा काम गर्न दिनुपर्दछ.

६. हामीले परमेश्वरको वचन सुनेपछि पवित्र आत्माले इच्छा गर्नुभए मुताविक त्यसको प्रत्युत्तर दिनुपर्छ. परमेश्वरमा बढनको निम्ति आज्ञाकारिता मुख्य कडी हो.

७. पवित्र आत्माले सहायता गर्नुभए अनुसार बाइबल अध्ययन गर्दै यसलाई जान्नुपर्दछ.

८. हामी उहाँको वचनमा जिउनुपर्दछ किनभने यदि हामीले आज्ञा पालन गर्‍यौं भने हामीमा परमेश्वरका चाहनाहरु पूरा हुनेछन्.